# भाग–एक

# स्थानीय पाठ्यक्रमको अवधारणा

## १. परिचय

सामान्य अर्थमा स्थानीयस्तरका विषयवस्तुहरु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । वास्तविक अर्थमा भन्नुपर्दा स्थानीय समुदायका विविध समस्याहरुलाई समाधान गर्न अथवा स्थानीय आवश्यकताको सम्बोधन गर्न स्थानीयस्तरमा नै बालबालिकाको सिकाइका लागि तयार पारिएको विस्तृत योजना नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकता प्राप्त विषयवस्तुहरुलाई विद्यालयको नियमित शिक्षणसिकाइका क्रियाकलापको रुपमा कक्षाकोठामा पुऱ्याउने हुँदा अन्य पाठ्यक्रमको तुलनामा यो पाठ्यक्रम स्थानीय आवश्यकतासँग बढी सम्बन्धित रहन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक समुदायका मानिसहरुको साझा थलोको रुपमा रहेको विविधतापूर्ण मुलुक हो । यहाँका हिमालदेखि तराईसम्म बसोबास गर्ने बहुजातीय, बहुभाषिक र बहुधार्मिक तथा बहुसांस्कृतिक समुदायका बालबालिकाहरुका आवश्यकताहरु पनि फरकफरक रहनु स्वाभाविक नै हो । यसकारण विद्यालय तहको शिक्षामा केन्द्रीयस्तरमा निर्मित पाठ्यक्रमले मात्र बालबालिकालाई आवश्यक पर्ने ज्ञान,सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरु प्रदान गर्न सक्दैन भन्ने यथार्थलाई दृष्टिगत गर्दै स्थानीय पाठ्यक्रमको अवधारणाको प्रादुर्भाव भएको हो । नेपालको सन्दर्भमा वि.सं. २०४९ सालबाट स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने प्रयास गरेको देखिन्छ यद्यपि यो पाठ्यक्रम कार्यान्वयन भने हुन सकेको थिएन । त्यसपछियसलाई प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ र राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ ले मातृभाषा वा स्थानीय विषयको रुपमा कम्तीमा १०० पूर्णाङ्कको विषय पठनपाठन गर्नुपर्ने गरी व्यवस्था गरेको थियो । त्यस्तैगरी राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले मुलुकको सङ्घीय संरचना अनुकूल शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिनुपर्दछ भन्दै विद्यालय पाठ्यक्रममा मातृभाषा, स्थानीय ज्ञान, सिप, प्राकृतिक स्रोत साधन तथा ऐतिहासिक र सांस्कृतिक पक्षलाई समायोजन (अनुकूलन) गर्दा स्थानीय आवश्यकतामा आधारित अध्ययनलाई पठनपाठनको महत्वपूर्ण क्षेत्रको रूपमा विकास गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यससँगै नेपाल सरकार,शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीयपाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन, २०७६ (मातृभाषा सहित) समेतले स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागु सम्बन्धी व्यवस्था गरेको छ । यसका साथै आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ ले शैक्षिक सत्र २०७७ देखि कक्षा १ बाट स्थानीय पाठ्यक्रम अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

यसै सन्दर्भमा विगु गाउँपालिकाभित्रका विद्यालयहरुमा पनि समस्त विगु गाउँपालिकाका बासिन्दाहरुले भोगिरहेका प्राकृतिक, वातावरणीय, सामाजिक तथा सांस्कृतिक लगायतका समस्या तथा गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, कृषि, परम्परागत उद्यम तथा व्यवसाय लगायतका समस्टिगत आवश्यकताहरुलाई समेटेर विगु गाउँपालिकाको आफ्नै स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०७७ बाट कक्षा १ मा र त्यसपछि क्रमश : माथिल्ला कक्षाहरुमा लागु हुनेछ ।

## २. विषय क्षेत्र

पाठ्यक्रमले के-कस्ता विषयवस्तुहरु समेट्ने हो भन्ने कुरा यसका विषय क्षेत्र अन्तर्गत पर्दछन् । स्थानीय पाठ्यक्रमको सन्दर्भमा यो स्थानीय समुदायको आवश्यकतामा आधारित हुने भएकोले स्थानीय परिवेशकै समस्या, सवालहरु विषय क्षेत्रअन्तर्गत समेटिनुपर्ने हुन्छ । अत : यस पाठ्यक्रमले विगु गाउपालिका क्षेत्रको विविध सेरोफेरोलाई समेट्ने प्रयास गरेको छ । स्थानीय समुदायको आवश्यकतालाई केन्द्रमा राखी आधारभूत तहको कक्षा १-५ मा अध्ययनरत बालबालिकाहरुलाई आफ्नो भौगोलिक, सामाजिक

तथा वातावरणीय परिवेश अनुरुपको ज्ञान,सिप प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले गाउँपालिका क्षेत्रको प्राकृतिक, आर्थिक, सामाजिक,साँस्कृतिक,ऐतिहासिक,शैक्षिक पक्षको अलावा विविध पेसा तथा व्यवसाय, पर्यटन, सुसंस्कार एवम् सुस्वास्थ्य लगायतका पक्षलाई समेट्न खोजिएको छ ।

## ३) स्थानीय पाठ्यक्रमको महत्व र विशेषता

पठ्यक्रम व्यक्ति, समाज र राष्ट्रको आवश्यकतालाई परिपूर्ति गर्न विद्यालयमा सञ्चालन गरिने शिक्षणसिकाइ मार्फत हासिल गर्ने गरी तर्जुमा गरिने हुँदा जुनसुकै पाठ्यक्रम उपलब्धिपूर्ण हुन आवश्यक छ । अझ स्थानीय पाठ्यक्रम स्थानीय समस्याहरु समाधानतर्फ लक्षित हुने भएकोले अन्य पाठ्यक्रमको तुलनामा यो अझै बढी महत्वपूर्ण हुनुपर्ने हुन्छ । अत : विगु गाउँपालिकाद्वारा निर्मित यसस्थानीय पाठ्यक्रम स्थानीय बासिन्दाले भोगिरहेकै समस्याहरु समाधान गरी आवश्यकताको सम्बोधन गर्ने गरी निर्मित भएकोले यसका विशेषता एव्म महत्वलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ।

- यो स्थानीय आवश्यकताको परिपूर्ति गर्न निर्माण गरिन्छ अर्थात् यो स्थानीय मागमा आधारित हुन्छ ।
- यसले सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- यसले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्दछ ।
- पाठ्यक्रम निर्माणमा सिक्ने र सिकाउने दुवै पक्षको सहभागितालाई सुनिश्चित गर्ने हुँदा अपनत्व भावको विकास गराउँदछ ।
- यसले विद्यार्थी केन्द्रित र प्रयोगात्मक शिक्षण विधिमा जोड दिन्छ ।
- यसबाट स्थानीयस्तरमा रहेको सरोकारवालाहरुको पाठ्यक्रम निर्माण सम्बन्धी क्षमता अभिवृद्धि हुन्छ ।

## ४. पाठ्यक्रमको कार्यान्वयन तथापरिमार्जन प्रक्रिया

पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्वपूर्ण हुने गर्दछ । यस पाठ्यक्रमलेविद्यार्थीहरुलाई स्थानीय वातावरणको अवलोकन गराएरै सिकाइ गराउनुपर्ने व्यवस्था गरेको छ । परियोजना कार्य र प्रतिवेदनको माध्यमबाट प्रतिक्रिया लिने व्यवस्थापनि गरिएको छ । समुदायका बुद्धिजीवी,शिक्षाप्रेमी,समाजसेवी एवम् सम्बन्धित विषय क्षेत्रका विशिष्ट ज्ञान भएका व्यक्तिहरु स्रोतव्यक्तिका रुपमा बोलाउन सकिने छ । विद्यालयहरुले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्य अनुसार स्थानीय भाषालाई समेत माध्यमको रुपमा अवलम्बन गर्न सक्नेछन् । विषयक्षेत्र अनुरुपको वैध ज्ञान प्रदान गर्नआवश्यकता अनुसार स्थानीय वडा, गाउँपालिका एवम् जिल्लाका विवरणहरु सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिने छ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमणको व्यवस्था गराइनेछ । विद्यार्थीहरुको समूहकार्य,छलफल र अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरुलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण,तालिमको व्यवस्था गरिएको छ ।

परिवर्तनशील समयको विशेषता अनुसार आवश्यकताहरु पनि बढ्दै जाने हुँदात्यस्ता आवश्यकताहरुको सम्बोधन गर्नुपर्ने हुँदा त्यसलाई समयानुकूल परिवर्तन गर्नुपर्ने आवश्यकता हुन्छ । विद्यार्थीहरुको ज्ञान, सीप र व्यवहारमा युग सुहाउँदो परिवर्तन ल्याउन पाठ्यक्रमको निरन्तर रुपमा सुधार तथा परिमार्जनगर्दै जानुपर्दछ। तसर्थ यो पाठ्यक्रम पनि बद्लिदो सामाजिक आवश्यकतालाई सम्बोधन गर्नसमयसापेक्षिक रुपमा परिमार्जन गर्नुपर्ने हुन्छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, धार्मिक, साँस्कृतिक, भाषिक र वातावरणीय पक्षहरुको निरन्तर खोज,अनुसन्धान र गहिरो अध्ययन गरी सोबाट प्राप्त निष्कर्ष तथा नवीनतम् कुराहरुलाई यस पाठ्यक्रममा समावेश गर्न तथा

पाठ्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्या तथा कमिकमजोरीलाईसम्बोधन गरी समयको बहावसँगै परिवर्तन हुँदै जाने स्थानीय समुदायको आवश्यकता अनुरुप यस पाठ्यक्रमलाई परिमार्जन गर्दै लगिने छ ।

# भाग –२
# स्थानीय पाठ्यक्रम

स्थानीय पाठ्यक्रम निर्माण गर्दा यसमा निश्चित पक्षहरुलाई अङ्गको रुपमा समेटिनुपर्ने हुन्छ साथै यसलाई निश्चित ढंगबाट ढाँचाबद्ध पनि गर्नुपर्ने हुन्छ । अत : यस पाठ्यक्रमले पनि मुख्यगरी देहायका पक्षहरुलाई समेटेका छन् :-

## १. तहगत सक्षमता

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात् आधारभूत तह (कक्षा १–५) को अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरु विकास भएका हुनेछन् :

१. विगु गाउँपालिकाको भौगोलिक,सामाजिक,राजनैतिक,शैक्षिक पक्षको परिचय

२. विभिन्न जातजाति,धर्म,संस्कृति,भाषा,भेषभूषा,चाडपर्व र ऐतिहासिक स्थलको पहिचान र संरक्षण

३. स्थानीय कृषि तथा पशुपालन व्यवसायसम्बन्धी अवधारणा र सामान्य सिपको प्रयोग

४. स्थानीय प्राकृतिक सम्पदा तथा वातावरणको अवधारणा,संरक्षण र संवर्द्धन

५. स्थानीयस्तरमा हुन सक्ने विपद्को अवधारणा र व्यवस्थापन

६. नैतिक मूल्य,मान्यता तथा सदाचारको व्यावहारिक ज्ञानको विकास र प्रयोग

७. स्वस्थ जीवन र सरसफाइसम्बन्धी ज्ञान र व्यावहारिक प्रयोग,

८.स्थानीय परम्परागत पेसा,व्यवसाय र प्रविधिको पहिचान,सम्मान,संरक्षण र संवर्द्धन

९. आधुनिक सूचना प्रविधिसम्बन्धी ज्ञान र प्रयोग

१०. पर्यटकीय स्थलको पहिचान,संरक्षण र संवर्द्धन

## २. विषयक्षेत्र र क्रम

यस पाठ्यक्रमका लागि निर्धारण गरिएका विषयक्षेत्र र तिनीहरुको क्रम निम्न अनुसार रहनेछन् :

१. विगु गाउँपालिकाको परिचय

२. धर्म रसंस्कृति

३. कृषि तथा पशुपालन

४. प्राकृतिक सम्पदा तथा वातावरण

५. विपद्व्यवस्थापन

६.नैतिक मूल्य,मान्यता तथा सदाचार

७. स्वस्थ जीवन र सरसफाइसम्बन्धी ज्ञान र व्यावहारिक प्रयोग,

८.परम्परागत पेसा,व्यवसाय र प्रविधि

९. आधुनिक सूचना र प्रविधि

१०. पर्यटन

## ३. विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १. विगु गाउँपालिकाको परिचय | ● आफू बसोबास गर्ने गाउँ र टोल | ● आफ्नो वडामाबसोबास गर्ने मुख्य जातजाति,वडा अध्यक्ष रसदस्यहरु | ● गाउँपालिकाको भौगोलिक दिशा,वडाहरु एवम् अध्यक्ष र उपाध्यक्ष | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा , पालिकाको जनसङ्ख्या तथा शिक्षा | ● गाउँपालिकाको सिमाना, मौसम र वडाका सेवा प्रदायक संस्थाहरु |
| २. धर्म र संस्कृति | ● आफ्नो परिवार तथा समुदायमा मनाइने चाडपर्व | ● स्थानीय समुदायमा बोलिने भाषा र धर्म | ● समुदायमा बोलिने भाषा र मनाइने चाडपर्व | ● आफ्नो समुदायमा परम्परादेखि निर्माण | ● पालिकाको मौलिक भाषा, भेषभूषा एवम् रहनसहन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भएका धार्मिक सम्पदाहरु | |
| ३. कृषि तथा पशुपालन | • आफ्नो घरमा उत्पादित तरकारी तथा फलफूल र घरपालुवा जनावर | • आफ्नो समुदायमा उपलब्ध तरकारी, फलफूल, खाद्यान्न बाली र ताजा तरकारीको फाइदा | • कृषि तथा पशुपन्छीजन्य उत्पादनको सुरक्षाका उपायहरु | • तरकारी र फलफूलका बेर्ना उमार्ने, सार्ने र रोगबाट बचावट | • जैविक विधिको उपयोगबाट हिउँदे,वर्षे तथा बेमौसमी तरकारी र फलफूलमा लाग्ने रोगको नियन्त्रण |
| ४.प्राकृतिक सम्पदा तथा वातावरण | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरु, जंगली जनावरहरु | • स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरु र पानीका स्रोतहरु | • पालिका तथा वरपर पाइने वन्यजन्तुको संरक्षणका उपायहरु | • व्यवस्थापनका आधारमा स्थानीय वनहरुको प्रकार तथा स्थानीय जडीबुटी<br>• जलस्रोतको घरायसी प्रयोग<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवा, जडीबुटी<br>• महत्वपूर्ण वन्यजन्तुहरु | • स्थानीय क्षेत्रमा रहेका प्राकृतिक स्रोतहरु<br>• पालिका तथा आसपासका क्षेत्रमा पाइने महत्वपूर्ण जङ्गली जनावरहरु |
| ५.विपद् व्यवस्थापन | • विपद्को चित्रात्मक प्रस्तुति | • आफ्नो समुदायमा देखापर्ने गरेका विपद्हरु | विपद्मा सावधानीका उपायहरु | • प्राकृतिक एव्म मानवीय कारणबाट सृजना हुने विपद्हरु तथा विपद्मा पूर्व सावधानीका उपायहरु | • प्रकोप र विपद्<br>• विपद् व्यवस्थापनमा कार्यरत संघसंस्थाहरुको भूमिका र जिम्मेवारी |
| ६. नैतिक मूल्य,मान्यता र सदाचार | • .अनुशासन र मर्यादा<br>• परिवारप्रतिको मर्यादा<br>• असल व्यवहार | • समभाव र सहयोगी धारणा | • नैतिक मूल्य र मान्यता<br>• सामाजिक नियम | • स्वःअनुशासन<br>• असल नागरिकको भूमिका | • व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको भूमिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. स्वास्थ्य र सरसफाइ | • आफू बस्ने कोठा तथा आफ्नो घरवरिपरिको सरसफाइ | • फोहोरका स्रोतहरु | • स्वस्थकर वस्तु तथा उपभोग गर्ने उपायहरु | • फोहरको वर्गीकरण , प्रदूषणको अवधारणा, प्रकार एवम् स्रोतहरु | • पालिकाले सरसफाइ व्यवस्थापनमा गरेका कार्यहरु<br>• फोहोरमैलाको पुन:प्रयोगबाट हुने फाइदाहरु |
| ८. परम्परागत पेसा, व्यवसाय र प्रविधि | • आफ्नो समुदायमा अपनाइएका पेसाहरु | • स्थानीयस्तरमा उपलब्ध प्रविधि र तिनबाट उत्पादन हुने वस्तुहरु | • स्थानीय व्यवसाय तथा प्रविधि | • आफ्नो परिवेशमा सञ्चालनमा रहेको परम्परागत घरेलु उद्योगका प्रविधि र सिपहरु | • स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरु र स्थानीयस्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी सञ्चालनमा आएका उद्योगहरु |
| ९.आधुनिक सूचना र प्रविधि | • सूचना प्रविधिका साधनहरु | • स्थानीयस्तरमा प्रयोगमा आएका सूचना प्रविधिका साधनहरु | • सूचना प्रविधिको आवश्यकता | सूचना प्रविधिको प्रयोगबाट हुने फाइदाहरु | सूचना तथा सञ्चारका आधुनिक साधनहरु |
| १०. पर्यटन | • आफू बसेको वडामा भएका पर्यटकीय स्थलहरु | • छिमेकी वडाहरुमा रहेका पर्यटकीय स्थलहरु | पर्यटन क्षेत्रको विकासबाट हुने फाइदा | • पालिकाभित्रका मुख्य पर्यटकीय स्थलहरु र पर्यटकहरुसँग शिष्टाचार संवाद | • पालिकाभित्रका पर्यटकीय स्थलको प्रचारप्रसार र प्रवर्द्धन |

## ४. कक्षागत सिकाइ उपलब्धि

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात् आधारभूत तह कक्षा (१–५) का बालबालिकाहरुमा निम्नानुसारका सिकाइ उपलब्धिहरु हासिल हुनेछन् :

### १. विगु गाउँपालिकाको भौगोलिक,सामाजिक,राजनैतिक एवम् शैक्षिक पक्षको परिचय

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | आफूबसोवास गर्ने गाउँ र टोलको नाम भन्न । |
| २ | आफ्नो वडामा बसोबास गर्ने मुख्य जातजाति र आफ्नो वडाका अध्यक्ष र सदस्यहरुको सङ्ख्या र नाम बताउन एवम् लेख्न । |

| | |
|---|---|
| ३ | गाउँपालिकाको नाम तथा वडाको सङ्ख्या, भौगोलिक दिशाको सामान्य पहिचान तथा पालिकाको अध्यक्ष र उपाध्यक्षको नाम भन्न र लेख्न । |
| ४ | गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा , पालिकाको जनसङ्ख्या तथा शैक्षिक स्थिति सम्बन्धमा बताउन र लेख्न । |
| ५ | गाउँपालिकाको सिमाना, मौसम र वडाका सेवा प्रदायक संस्थाहरुको छोटकरीमा वर्णन गर्न। |

## २. विभिन्न जातजाति,धर्म,संस्कृति,भाषा,भेषभूषा,चाडपर्व र ऐतिहासिक स्थलको पहिचान र संरक्षण

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | आफ्नो परिवार तथा समुदायमा मनाइने चाडपर्वको नाम भन्न । |
| २ | स्थानीय समुदायमा बोलिने भाषा, धर्मको सम्बन्धमा बताउन । |
| ३ | समुदायमा बोलिने भाषा र मनाइने चाडपर्वहरुको नाम भन्न र सूची बनाउन । |
| ४ | आफ्नो समुदायमा परम्परादेखि निर्माण भएका धार्मिक सम्पदाहरुको पहिचान एवम् संरक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन । |
| ५ | पालिकाको मौलिकता झल्काउने भाषा, भेषभूषा, रहनसहनको संरक्षण र व्यवस्थापन तथा संवर्द्धन गर्न । |

## ३. स्थानीय कृषि तथा पशुपालन व्यवसायसम्बन्धी अवधारणा र सामान्य सिपको प्रयोग

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | आफ्नो घर वा समुदायमा उत्पादित तरकारी तथा फलफूलको नाम र घरपालुवा जनावरको नाम बताउन । |
| २ | आफ्नो समुदायमा उपलब्ध तरकारी, फलफूल, खाद्यान्न बालीको सूची तयार पार्न र ताजा तरकारीकाफाइदाहरु बताउन । |
| ३ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको सुरक्षाका उपायहरु बताउन । |
| ४ | तरकारी र फलफूलको बेर्ना उमार्न ,सार्न र रोगबाट जोगाउन आवश्यक ज्ञान, सिपको विकास । |

| | |
|---|---|
| ५ | जैविकविधिको उपयोगबाट हिउँदे,वर्षे तथा बेमौसमी तरकारी र फलफूलमा लाग्ने रोगकोनियन्त्रणका उपायहरुबताउन । |

## ४. स्थानीय प्राकृतिक सम्पदा तथा वातावरणको अवधारणा,संरक्षण र संवर्द्धन

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरु, जङ्गली जनावरहरुको नाम बताउन । |
| २ | स्थानीय क्षेत्रमा पाइने जडिबुटीहरु र पानीका स्रोतहरुको नाम बताउन । |
| ३ | पालिका तथा वरपर पाइने वन्यजन्तुहरुको संरक्षणका उपायहरु बताउन । |
| ४ | स्थानीय वन क्षेत्रमा पाइने जडिबुटीको प्रयोगका तरिका तथा संरक्षणका उपायहरु बताउन । |
| ५ | • स्थानीय क्षेत्रमा रहेका प्राकृतिक स्रोतहरुको महत्व बताउन ।<br>• पालिका तथा आसपासका क्षेत्रमा पाइने महत्वपूर्ण जङ्गली जनावरहरुको महत्व तथा संरक्षणका उपायहरु बताउन । |

## ५. स्थानीयस्तरमा हुन सक्ने विपद्को अवधारणा र व्यवस्थापन

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | स्थानीयस्तरमा हुनेविपद्को नाम बताउन । |
| २ | आफ्नो समुदायमा विभिन्न समयमा देखा पर्ने गरेका विपद्को उदाहरण दिन । |
| ३ | विपद्को बेलामा अपनाउनुपर्ने सावधानीका उपायहरु बताउन । |
| ४ | प्राकृतिक एवम्मानवीय कारणबाट सृजना हुने विपद्हरुको सूची तयार पार्न र विपद्को बेलामा अपनाउनु पर्ने पूर्वसावधानीका उपायहरु बताउन । |
| ५ | प्रकोप र विपद्बीच फरक बताउन र विपद् व्यवस्थापनमा कार्यरत सङ्घसंस्थाहरुको भूमिका बताउन र जिम्मेवारी बहन गर्न । |

## ६. नैतिक मूल्य,मान्यता तथा सदाचारको व्यावहारिक ज्ञानको विकास र प्रयोग

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | • अनुशासन र मर्यादाको व्यावहारिक उदाहरण दिन ।<br>• परिवारप्रतिको मर्यादा अनुरुप असल व्यवहार प्रदर्शन गर्न । |
| २ | समभाव र सहयोगको भावनालाई व्यवहारमा उतार्न । |
| ३ | नैतिक मूल्य र मान्यता, समाजिक नियमको पालना गर्न । |
| ४ | स्वःअनुशासन र असल नागरिकको भूमिका प्रस्तुत गर्न । |
| ५ | व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको भूमिका बताउन । |

## ७. स्वस्थ जीवन र सरसफाइसम्बन्धी ज्ञान र व्यावहारिक प्रयोग

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | आफू बस्ने कोठा तथा आफ्नो वरिपरि सफा राख्ने तरिका बताउन । |
| २ | फोहोरका स्रोतहरुको पहिचान गर्न । |
| ३ | स्वस्थकर वस्तुको पहिचान तथा उपभोग गर्ने उपायहरु बताउन |
| ४ | फोहोरको वर्गीकरण गर्न, प्रदूषणको परिचय, प्रकार एवम् स्रोतहरु लेख्न |
| ५ | पालिकाले सरसफाइ व्यवस्थापनमा गरेका कार्य बताउन रफोहोरमैलाको पुनःप्रयोगबाट हुने फाइदाहरु बताउन । |

## ८.स्थानीय परम्परागत पेसा,व्यवसाय र प्रविधिको पहिचान,सम्मान,संरक्षण र संवर्द्धन

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | आफ्नो समुदायमा अपनाइएका पेसाहरुको नाम बताउन । |
| २ | स्थानीयस्तरमा उपलब्ध प्रविधिको नाम भन्न र तिनबाट उत्पादन हुने वस्तुहरुको सूची तयार पार्न । |

| | |
|---|---|
| ३ | स्थानीय व्यवसाय तथा प्रविधिको पहिचान गर्न । |
| ४ | आफ्नो परिवेशमा सञ्चालनमा रहेका परम्परागत घरेलु उद्योगसम्बन्धी प्रविधि र सिपहरुको वर्णन गर्न । |
| ५ | स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरुको सूची तयार पार्न र स्थानीयस्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी सञ्चालनमा आएका उद्योगहरुको सम्मान, संरक्षण र संवर्द्धनमा सहयोग गर्न । |

### ९. आधुनिक सूचना प्रविधिसम्बन्धी ज्ञान र प्रयोग

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | सूचना प्रविधिका साधनहरुको नाम बताउन । |
| २ | स्थानीयस्तरमा प्रयोगमा आएका सूचना प्रविधिका साधनहरुको पहिचान गरी सूची तयार पार्न । |
| ३ | सूचना प्रविधिको आवश्यकता बताउन । |
| ४ | सूचना प्रविधिको प्रयोगबाट हुने फाइदा वर्णन गर्न । |
| ५ | सूचना तथा सञ्चारका आधुनिक साधनको महत्व बताउन । |

### १०. पर्यटकीय स्थलको पहिचान,संरक्षण र संवर्द्धन

| कक्षा | विषयवस्तु |
|---|---|
| १ | आफू बसेको वडामा भएका पर्यटकीय स्थलहरुको नाम बताउन । |
| २ | छिमेकी वडाहरुमा रहेका पर्यटकीय स्थलहरुको वर्णन गर्न । |
| ३ | पर्यटन क्षेत्रको विकासबाट हुने फाइदा भन्न र लेख्न । |
| ४ | पालिकाभित्रका मुख्य पर्यटकीय स्थलहरुको पहिचान गर्न र पर्यटकहरुसँग शिष्टाचार संवाद गर्न । |
| ५ | पालिकाभित्रका पर्यटकीय स्थलको प्रचारप्रसार र प्रवर्द्धन गर्ने कार्यमा सहभागी हुन । |

## ५. विषयवस्तुको विस्तृतीकरण

## क्षेत्र १ : विगु गाउँपालिकाको भौगोलिक,सामाजिक,राजनैतिक,शैक्षिक पक्षको परिचय

| कक्षा | विशिष्ट उदेश्य/सिकाइउपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्रीहरु | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | आफू बसोबास गर्ने गाउँ र टोलको नाम भन्न | • आफू बसोबास गर्ने तथा साथी समेतको गाउँर टोलको नाम बताउन, नामको कार्ड पढ्न ।<br>• चित्रनक्सामा आफ्नो ठाउँ र टोलको नाम देखाउन र पढ्न | • ठाउँको नाम भएका कार्डहरु,<br>• चित्रनक्सा<br>• श्रव्यदृश्य सामग्री | • चित्र छलफल, प्रदर्शन, खेल<br>• नक्सा अध्ययन<br>• स्थलगत भ्रमण | • शब्दपत्ती पढ्ने, लेख्ने अभ्यास, क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण अध्ययन<br>• प्रश्नोत्तर | ८ | ६ |
| २ | आफ्नो वडामा बसोवास गर्ने मुख्य जातजाति र आफ्नो वडामा रहेका अध्यक्ष र सदस्यहरुको सङ्ख्या र नाम बताउन एवम् लेख्न | • आफ्नो वडामा बसोबास गर्ने मुख्यजातजातिको सूचीकरण गर्न<br>• आफ्नो वडाध्यक्षको नाम भन्न<br>• सदस्यहरुको संख्या बताउन र नाम लेख्न | • ठाउँको नाम भएका कार्डहरु,चित्रनक्सा<br>• श्रव्यदृश्य सामग्री<br>• चित्रहरु/तस्बिरहरु<br>• बालबालिकाहरु बसोबास गर्ने वडा अध्यक्ष तथा सदस्यहरुको नाम कार्ड ( सम्भव भएसम्म वडा कार्यालयको तस्बिर)<br>• वडा नम्बरहरुको सङ्ख्या कार्ड | • चित्र छलफल, प्रदर्शन<br>• खेल, नक्साअध्ययन<br>• परियोजना कार्य<br>• सम्झनाखेल<br>• स्थलगत भ्रमण | • शब्दपत्ती पढ्ने<br>• लेख्ने अभ्यास<br>• क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• नक्साको सूचना आदानप्रदान गर्ने<br>• अभिलेख अध्ययन | ८ | ६ |
| ३ | गाउँपालिकाको नाम तथा वडाको सङ्ख्या भौगोलिक दिशाको सामान्य पहिचान तथा अध्यक्ष र उपाध्यक्षको नाम भन्न र लेख्न | • आफ्नो गाउँपालिकाको नाम बताउन<br>• आफ्नो गाउँपालिकाको नाम लेख्न<br>• भौगोलिक दिशाको परिचय दिन<br>• अध्यक्ष, उपाध्यक्षको नाम बताउन र लेख्न | • गाउँपालिकाको तस्बिर, अध्यक्ष,उपाध्यक्षको नाम कार्ड (सम्भव भएसम्म तस्बिर)<br>• चित्र नक्सा(महत्वपूर्ण स्थानहरु देखिने गरी ) | • चित्र छलफल, प्रदर्शन, सम्झना खेल<br>• नक्सा अध्ययन<br>• भौगालिक अध्ययन<br>• परियोजना कार्य | • शब्दपत्ती पढ्ने लेख्ने,जोडा मिलाउने अभ्यास, नक्साको सूचना आदानप्रदानसम्बन्धी प्रश्नोत्तरको प्रतिक्रिया<br>• क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण | ८ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा, पालिकाको जनसङ्ख्या तथा शिक्षा सम्बन्धमा बताउन र लेख्न | • गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा बताउन र लेख्न<br>• जनसङ्ख्या व्यवस्थापनका उपायहरुको सूचीकरण गर्न<br>• पालिकाको शैक्षिक अवस्था बताउन | • गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्तहुने सेवा र सुविधाहरुको सूची<br>• जनसङ्ख्या व्यवस्थापनका उपायहरुको सूची<br>• चित्रहरु<br>• सामाजिक नक्शा<br>• शैक्षिक संस्थाहरुको सूची | • छलफल, प्रदर्शन, समूहकार्य<br>• तथ्याङ्क अध्ययन<br>• भूमिकाअभिनय<br>• वातावरणको अध्ययन<br>• परियोजना कार्य | • प्रश्नोत्तर, मौखिक तथा लिखित अभ्यास<br>• क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण | ७ | ४ |
| ५ | गाउँपालिकाको सिमाना, हावापानी तथा मौसम  र वडाका सेवा प्रदायक संस्थाहरुको छोटकरीमा वर्णन गर्न | • सिमाना र क्षेत्रफल बताउन<br>• वडा र वडामा रहेका सेवा प्रदायक संस्थाहरुको नामबताउन<br>• यस्ता संस्थाले प्रदान गर्ने सेवा सुविधा बताउन<br>• उपलब्ध हुने सेवाको सूचीतयार गर्न | • गाउँपालिकाको क्षेत्रफल र सिमाना छुट्टिने नक्सा<br>• वडा र वडामा रहेका संस्थाहरुको तस्वीर र नाम कार्डहरु<br>• संस्थाहरुले प्रदान गर्ने सेवा सुविधाहरुको सूची<br>• पालिकाको नक्सा, क्षेत्रफलसम्बन्धी तथ्याङ्क | • चित्र छलफल, प्रदर्शन<br>• नक्सा अध्ययन<br>• समूहकार्य, तथ्याङ्क अध्ययन<br>• वातावरणको अध्ययन,भ्रमण<br>• परियोजनाकार्य | • शब्दपत्ती पढ्ने<br>• लेख्ने,जोडा मिलाउने अभ्यास, नक्सा तथा तथ्याङ्कको सूचना आदानप्रदान सम्बन्धी प्रश्नोत्तर र छलफल,समूह कार्य<br>• नक्सा तथा तथ्याङ्कको सूचनाआदानप्रदान<br>• क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन र अभिलेखीकरण | ७ | ४ |

## क्षेत्र २ : विभिन्न जातजाति,धर्म,संस्कृति,भाषा,भेषभूषा,चाडपर्व र ऐतिहासिक स्थलको पहिचान र संरक्षण

| कक्षा | विशिष्ट उदेश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | आफ्नो परिवार तथा समुदायमा मनाइने चाडपर्वको नाम भन्न | ● आफ्नो घर तथागाउँ, समुदायमामनाइने चाडपर्वको नामभन्न<br>● चार्डपर्वको नाम पढ्न | ● चार्डपर्वको शब्दपत्ती चार्डपर्वजनाउने तस्बिर/चित्र कार्ड | ● चित्र छलफल, प्रश्नोत्तर, जोडी खोज्ने खेल | ● प्रश्नोत्तरको प्रतिक्रिया तथा क्रियाकलापको अवस्थामा बालबालिकाले खेलेको सक्रिय भूमिका तथा सहभागिताको अवलोकन<br>● अभिलेखको अध्ययन | ८ | ८ |
| २ | स्थानीय समुदायमा बोलिने भाषा, धर्मको सम्वन्धमा बताउन | ● समुदायमा बोलिने भाषाहरुको नाम बताउन र लेख्न<br>● समुदायमा मानिने धर्मको बारेमा बताउन र लेख्न | ● समुदायमा बोलिने भाषा तथा मनाइने धर्ममा आधारित शब्दपत्ती,चित्रपत्ती<br>● पोष्टर<br>● श्रव्यदृश्य सामग्री | ● चित्र छलफल, जोडामिलाउने खेल<br>● अभिनय प्रस्तुति,छलफल<br>● प्रश्नोत्तर | ● क्रियाकलापमा देखाएको तत्परता, अभिनयमा दर्शाएको जीवन्तता<br>● परियोजना कार्यको प्रतिवेदन तथा प्रस्तुति | ८ | ८ |
| ३ | समुदायमा बोलिने भाषा र मनाइने चाडपर्वहरुको नाम भन्न र सूचीबनाउन | ● टोलमा बोलिने भाषाहरुको सूचीतयार पार्न<br>● समुदायमा मनाइने चाडपर्वहरुको नाम बताउन र लेख्न | ● समुदायमा बोलिने भाषा तथा चाडपर्वहरुमा आधारित शब्दपत्ती, चित्रपत्ती<br>● पोष्टर<br>● श्रव्यदृश्यसामग्री | ● चित्र छलफल, जोडामिलाउने खेल<br>● अभिनय प्रस्तुति<br>● समूह छलफल<br>● प्रश्नोत्तर | ● क्रियाकलापमा देखाएको तत्परता, अभिनयमा दर्शाएको जीवन्तता<br>● परियोजना कार्यको प्रतिवेदन तथा प्रस्तुति | ८ | ८ |
| ४ | आफ्नो समुदायमा परम्परादेखि निर्माणभएका धार्मिक सम्पदाहरुको पहिचान एवम् संरक्षण गर्ने कार्यमा सहयोगपुऱ्याउन | ● आफ्नो समुदायमा परम्परादेखि निमार्ण भएका मठ मन्दिर, चैत्य, गुम्बाहरुको पहिचान गर्न<br>● आफ्नो समुदायमा परम्परादेखि निमार्ण भएका मठ मन्दिर,चैत्य, गुम्बाहरुको संरक्षण गर्न | ● स्थानीयस्तरमा रहेका पुराना मठ,मन्दिर, चैत्य, गुम्बाहरु आदिको नाम<br>● चित्रका पत्तीहरु<br>● पोष्टर<br>● संरक्षणका आधार देखाउने चार्ट | ● चित्र छलफल,<br>● जोडामिलाउने खेल,<br>● अभिनयप्रस्तुति,<br>● छलफल<br>● प्रश्नोत्तर | ● क्रियाकलापमा देखाएको तत्परता<br>● अभिनयमा दर्शाएको जीवन्तता<br>● परियोजना कार्यको प्रतिवेदन तथा प्रस्तुति<br>● व्यवहार अवलोकन | ७ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | गाउँपालिकाको मौलिकता झल्काउने भाषा, भेषभूषा रहनसहनको संरक्षण र व्यवस्थापन एवम्संवर्द्धन गर्न | ● भाषा,धर्म,रहनसहन,प्रचलनको अध्ययन गर्न<br>● भाषा, भेषभूषा रहनसहनको संरक्षण, व्यवस्थापन र संवर्द्धन गर्न | ● स्थानीयस्तरमा रहेका भाषाधर्म,रहनसहन,प्रचलनमा आधारित पाठपत्र<br>● शब्द तथा चित्रपत्तीहरु<br>● पोष्टर<br>● श्रव्यदृश्यसामग्री | ● चित्र छलफल<br>● जोडा मिलाउने खेल<br>● अभिनय प्रस्तुति<br>● समूह छलफल<br>● प्रश्नोत्तर | ● क्रियाकलापमा देखाएको तत्परता,अभिनयमा दर्शाएको जीवन्तता, परियोजना कार्यको प्रतिवेदन तथा प्रस्तुति<br>● व्यवहार अवलोकन | ७ | ८ |

## ३. स्थानीय कृषि तथा पशुपालन व्यवसायसम्बन्धी अवधारणा र सामान्य सिपको प्रयोग

| कक्षा | विशिष्ट उदेश्य/सिकाइउपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | आफ्नो घरमा उत्पादित तरकारी तथा फलफूलको नाम र घरपालुवा जनावरको नाम बताउन | ● आफ्नो घरमा उत्पादित तरकारी तथा फलफूलको नाम बताउन<br>● घरपालुवा जनावरको नाम बताउन | ● बालबालिकाको घर तथा समुदायमा उत्पादनहुने तरकारी तथा फलफूलहरुको नमुना सङ्कलन<br>● चित्र चार्ट<br>● घरपालुवा जनावरहरुको नाममा आधारित शब्दपत्ती तथा चित्रपत्ती | ● चित्र छलफल<br>● जोडी मिलाउने खेल<br>● प्रश्नोत्तर<br>● समूह कार्य | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको (मौखिक तथा लिखित) प्रतिक्रिया<br>● बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | ८ | ६ |
| २ | आफ्नो समुदायमा उपलब्ध तरकारी, फलफूल, खाद्यान्न बालीको सूची तयार पार्न र ताजा तरकारीको फाइदा बताउन | ● आफ्नो समुदायमा उपलब्ध तरकारी, फलफूल, खाद्यान्न बालीको सूची तयार पार्न<br>● ताजा तरकारीको फाइदा बताउन | ● बालबालिकाको घर तथा समुदायमा उत्पादनहुने तरकारी तथा फलफूलहरुको नमुना सङ्कलन<br>● चित्र चार्ट<br>● ताजा तरकारीको फाइदाका बुँदाहरु | ● चित्र छलफल,<br>● जोडीमिलाउने खेल<br>● प्रश्नोत्तर<br>● समूह कार्य | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको (मौखिक तथा लिखित) प्रतिक्रिया,बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | ८ | ६ |
| ३ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको सुरक्षाका उपायहरु बताउन | ● स्थानीय र अन्य जातका फलफूल, तरकारी, खाद्यान्नकोसुरक्षाका उपायहरु बताउन | ● बालबालिकाको घर तथा समुदायमा उत्पादन हुने तरकारी,फलफूलहरु तथा खाद्यान्नको नमुना सङ्कलन<br>● चित्र चार्ट, शब्दपत्ती तथा चित्रपत्ती | ● चित्र छलफल,<br>● जोडी मिलाउने खेल,<br>● प्रश्नोत्तर,<br>● समूह कार्य | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको (मौखिक तथा लिखित) प्रतिक्रिया<br>● बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित | ८ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● पशुपन्छीजन्य उत्पादनकोसुरक्षाका उपायहरु बताउन | ● संरक्षणका उपायहरुको सूची<br>● पशुपन्छीजन्य उत्पादनको पोष्टर र चित्रहरु | ● अवलोकन भ्रमण<br>● तुलनात्मक अध्ययन | अभिलेख (Portfolio)को अध्ययन | | |
| ४ | तरकारी र फलफूलका बेर्ना उमार्न,सार्न एवम् रोगबाट जोगाउन | ● तरकारी र फलफूलका बेर्ना उमार्ने,सार्ने कार्य गर्न<br>● रोगबाट जोगाउने उपायहरु बताउन | ● बालबालिकाको घर तथा समुदायमा उत्पादन हुने तरकारी तथा फलफूलहरुको नमुना सङ्कलन<br>● चित्र चार्ट<br>● बेर्ना उमार्ने, सार्ने तथा रोगबाट जोगाउने सम्बन्धी श्रव्यदृश्य सामग्री | ● चित्र छलफल,<br>● जोडी मिलाउने खेल,<br>● प्रश्नोत्तर,<br>● समूह कार्य,<br>● स्थलगत भ्रमण<br>● सोधखोज<br>● प्रदर्शन तथा प्रस्तुति | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको (मौखिक तथा लिखित) प्रतिक्रिया<br>● बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | ६ | ६ |
| ५ | जैविक विधिको उपयोगबाट हिउँदे,वर्षे तथा बेमौसमी तरकारी र फलफूलमा लाग्ने रोग नियन्त्रणका उपायहरुबताउन | ● स्थानीय औषधि तयार पार्ने तरिका बताउन<br>● यसको उपयोगबाट हिउँदे,वर्षे तथा बेमौसमी तरकारीको पहिचान गर्न<br>● तरकारी तथा फलफूलमा लाग्ने रोग र हानिकारक कीट नियन्त्रणका उपायहरुबताउन | ● स्थानीय औषधि तयार पार्ने तरिका तथा उपयोगका बुँदाहरु,चित्र चार्ट<br>● हानिकारक कीट तथा रोगहरुमा आधारित शब्दपत्ती तथा चित्रपत्ती<br>● कीट तथा रोग नियन्त्रण औषधिको नमुना निर्माणका लागि आवश्यक स्थानीय वस्तुहरुको सङ्कलन<br>● श्रव्यदृश्य सामग्री | ● चित्र छलफल<br>● जोडी मिलाउने खेल<br>● प्रश्नोत्तर, प्रदर्शन<br>● समूह कार्य<br>● स्थलगत भ्रमण<br>● प्रयोगात्मक कार्य,<br>● परियोजना कार्य<br>● सोधखोज | ● क्रियाकलापहरुमा देखाएको तत्परता,<br>● प्रश्नोत्तरमा दिएको (मौखिक तथा लिखित) प्रतिक्रिया<br>● बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | ६ | ६ |

## ४. स्थानीय प्राकृतिक सम्पदा तथा वातावरणको अवधारणा, संरक्षण र संवर्द्धन

| कक्षा | विशिष्ट उदेश्य/सिकाइउपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइसहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरु, जङ्गली जनावरहरुको नाम बताउन | ● स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरु चिन्न र नामबताउन<br>● स्थानीय क्षेत्रका जङ्गली जनावरहरु चिन्न र नाम बताउन | ● बालबालिकाहरु बसोबास गर्ने क्षेत्र आसपासका बाटो तथा जङ्गलमा पाइने बोटबिरुवाहरु तथा जङ्गली जनावरहरुको सूची<br>● शब्दपत्ती तथा चित्रपत्ती | ● चित्रछलफल,प्रदर्शन<br>● जनावरहरुमा आधारितहाउभाउ /अभिनय<br>● जोडी खोज्ने खेल | ● प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया,सिकाइतथा सञ्चालन गरिने विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>● अभिलेखीकरण | ८ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • वर्गीकरण गर्ने क्रियाकलाप | | | |
| २ | स्थानीय क्षेत्रमा पाइने जडीबुटीहरुको नाम र पानीका स्रोतहरुको नाम बताउन | • स्थानीय क्षेत्रमापाइने जडिबुटीहरुको नाम बताउन<br>• आफ्नो समुदायमा रहेका पानीका स्रोतहरुको नाम बताउन | • बालबालिकाहरु बसोबास गर्ने क्षेत्र आसपासका जङ्गलमा पाइने बोटबिरुवाहरु तथा जङ्गली जनावरहरुको सूची<br>• शब्दपत्ती तथा चित्रपत्ती | • चित्र छलफल, प्रदर्शन<br>• जनावरहरुमा आधारित, हाउभाउ/ अभिनय<br>• जोडी खोज्ने खेल<br>• वर्गीकरण गर्ने क्रियाकलाप | • प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया,सिकाइतथा सञ्चालन गरिने विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण | ८ | ७ |
| ३ | गाउँपालिका तथा वरपर पाइने वन्यजन्तुहरुको पहिचान र संरक्षणका उपायहरु बताउन | • वन्यजन्तुहरुको पहिचान गर्न<br>• गाउँपालिकातथा वरपर पाइने वन्यजन्तुहरु तथा तिनको संरक्षणका उपायहरु बताउन | • स्थानीय क्षेत्रमापाइने<br>• वन्यजन्तुको सूची<br>• चित्रपत्ती, शब्दपत्ती<br>• वन्यजन्तुको चार्ट | • चित्र छलफल र प्रदर्शन<br>• जोडी खोज्ने खेल<br>• समूह छलफल | • प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया<br>• सिकाइ तथा सञ्चालन गरिने विभिन्नक्रियाकलापमासहभागिताको अवलोकन<br>• अभिलेखीकरणको अध्ययन | ८ | ७ |
| ४ | स्थानीय वन क्षेत्रमा पाइने जडीबुटीको प्रयोगका तरिका तथा संरक्षणका उपायहरु बताउन | • .स्थानीय क्षेत्रमा पाइने जडीबुटीको प्रयोगका तरिका तथा संरक्षणका उपायहरु बताउन | • स्थानीय क्षेत्रमापाइने महत्वपूर्ण जडीबुटीहरुको नाम तथा प्रयोगमा आधारित सूची<br>• चित्रपत्ती<br>• शब्दपत्ती | • चित्र छलफल, प्रदर्शन,खोज<br>• समूह छलफल<br>• संवाद, प्रयोग अभ्यास<br>• क्षेत्र भ्रमण | • प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया<br>• सिकाइको क्रममा सञ्चालन गरिने विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण | ६ | ६ |
| ५ | क) स्थानीय क्षेत्रमा रहेका प्राकृतिक स्रोतहरु ढुङ्गा,माटो, बालुवा, ढुङ्गाखानी आदि) को महत्व बताउन<br>ख ) पालिका तथा आसपासका क्षेत्रमा पाइने महत्वपूर्ण जङ्गली जनावरहरुको महत्व तथा संरक्षणका उपायहरु बताउन | • स्थानीय क्षेत्रमा रहेका प्राकृतिकवस्तुहरु ( ढुङ्गा,माटो,बालुवा,गिट्टी,ढुङ्गाखानी) पाइने ठाउँको सूचीबनाउन<br>• यस्ता वस्तुहरुको वातावरणीय अनुकूलन सहितको उपयोगका उपायहरु बताउन | • स्थानीय क्षेत्रमापाइने प्राकृतिक स्रोतहरुको विवरण समेटिएको सूची तालिका,चित्रपत्ती, शब्दपत्ती,प्राकृतिक स्रोतको सही उपयोगसम्बन्धी पाठपत्रहरु | • चित्र छलफल<br>• प्रदर्शन,खोज<br>• समूह छलफल संवाद<br>• प्रयोग अभ्यास<br>• क्षेत्र भ्रमण | • प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया,सिकाइ तथा सञ्चालन गरिने विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण | ६ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ● पालिका तथा आसपासका क्षेत्रमा पाइने महत्वपूर्ण जङ्गली जनावरहरुकोमहत्वबताउन<br>● संरक्षणका उपायहरुबताउन | | | | | |

## ५. स्थानीयस्तरमा हुन सक्ने विपद्को अवधारणा र व्यवस्थापन

| कक्षा | विशिष्ट उदेश्य/सिकाइउपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइसहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | स्थानीयस्तरमा हुने विपद्को नाम बताउन | ● समुदायमा घटेका विपद्कोपहिचान गर्न<br>● आफूले देखेका विपद्को बारेमाबताउन | ● चित्रहरु<br>● पोष्टर<br>● श्रव्यदृश्य सामग्री<br>● शब्दपत्ती<br>● चित्रपत्ती | ● चित्र छलफल<br>● प्रदर्शन<br>● जोडी खोज्ने खेल<br>● वर्गीकरण गर्ने क्रियाकलाप | ● प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया,<br>● सिकाइतथा सञ्चालन गरिने विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>● अभिलेखीकरण | ८ | ८ |
| २ | आफ्नो समुदायमा विभिन्न समयमा देखा पर्ने गरेका विपद्को उदाहरण दिन | ● विपद्को उदाहरण दिन, जस्तैः बाढी, पहिरो, आगोलागी,हुरीबतास,चट्याङ्ग आदिको । | ● चित्रहरु<br>● पोष्टर<br>● श्रव्यदृश्य सामग्री<br>● शब्दपत्ती<br>● चित्रपत्ती | ● चित्र छलफल, प्रदर्शन<br>● हाउभाउ/अभिनय<br>● जोडी खोज्ने खेल<br>● पोष्टर अवलोकन गराई उदाहरण भन्न लगाउने | ● प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया<br>● सिकाइ तथा सञ्चालन गरिने विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>● अभिलेखीकरण | ८ | ८ |
| ३ | विपद्को बेलामा अपनाउनु पर्ने सावधानीका उपायहरु बताउन | ● निरन्तर आइलाग्ने विपद्हरु र तिनीहरुबाट बच्ने उपायहरु<br>● सार्वजानिक स्थलमा पालना गर्नुपर्ने नियमहरु | ● चित्रहरु<br>● सूची,शब्दपत्ती<br>● चित्रपत्ती<br>● शब्दपत्ती | ● चित्र छलफल, प्रदर्शन<br>● जोडी खोज्ने खेल<br>● समूह क्रियाकलाप | ● प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया | ८ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | • भिडियो<br>• निर्देशन चार्ट | • चार्ट र चित्र प्रर्दशन गर्ने | • सिकाइ तथा सञ्चालन गरिने विभिन्नक्रियाकलापमा सहभागिताको अवलोकन<br>• अभिलेखीकरणको अध्ययन | | |
| ४ | प्राकृतिक एवम्मानवीय कारणबाट सृजना हुने विपद्हरुको सूची तयार पार्न र विपद्को बेलामा अवलम्बन गर्नुपर्ने पूर्वसावधानीका उपायहरु बताउन | • प्राकृतिक एवम् मानवीय कारणबाट सृजना हुने विपद्हरुको सूची तयार पार्न<br>• विपद्को बेलामा पूर्वसावधानीका उपायहरु बताउन | • सूची<br>• चित्रपत्ती,<br>• शब्दपत्ती<br>• भिडियो<br>• निर्देशन चार्ट<br>• चार्टहरु | • चित्र छलफल<br>• प्रदर्शन,खोज<br>• समूह छलफल, संवाद<br>• प्रयोग अभ्यास<br>• क्षेत्र भ्रमण | • प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया,<br>• सिकाइका विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण | ६ | ६ |
| ५ | प्रकोप र विपद्बीच फरक बताउन र विपद् व्यवस्थापनमा कार्यरत सङ्घसंस्थाहरुको भूमिका बताउन र जिम्मेवारी बहन गर्न | • प्रकोप र विपद्बीच फरक बताउन<br>• विपद् व्यवस्थापनमा कार्यरत संघसंस्थाहरुको भूमिका बताउन र जिम्मेवारी बहन गर्न | • चित्रहरु<br>• फरक सूची<br>• भूमिकाहरुको सूची<br>• चित्रपत्ती<br>• शब्दपत्ती<br>• भिडियो<br>• चार्टहरु | • चित्रछलफल,<br>• प्रदर्शन,खोज<br>• समूह छलफल, संवाद<br>• प्रयोग अभ्यास<br>• क्षेत्र भ्रमण | • प्रश्नोत्तरमा विद्यार्थीको मौखिक तथा लिखित प्रतिक्रिया<br>• सिकाइका लागि सञ्चालन गरिने विभिन्न क्रियाकलापमा सक्रिय सहभागिताको अवलोकन<br>• अभिलेखीकरण | ६ | ६ |

## ६. नैतिक मूल्य,मान्यता तथा सदाचारको व्यावहारिक ज्ञानको विकास र प्रयोग

| कक्षा | विशिष्ट उदेश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | क) अनुशासन र मर्यादाको व्यावहारिक उदाहरण दिन<br>ख) परिवारप्रतिको मर्यादाअनुरुप असल व्यवहार गर्न | • अनुशासन र मर्यादाको सामान्य वर्णन गर्न<br>• परिवारप्रतिको मर्यादा, असल व्यवहार गर्न | • अनुशासन र मर्यादाको सन्देश दिने सरल संवादको नमुना<br>• अनुशासन र मर्यादा, असल व्यवहारको सन्देश दिने | • संवादको नमुना प्रस्तुति<br>• छलफल<br>• अभिनय<br>• प्रश्नोत्तर, छलफल<br>• समूह कार्य<br>• सोधखोज | • क्रियाकलापमा सहभागिताको अवस्था<br>• प्रश्नोत्तरमा सक्रियता र प्रतिक्रियाको स्तर(मौखिक तथा लिखित) | ८ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सरल संवाद/लेख,कविता कथा,नाटक | ● स्वतन्त्र लेखन तथा प्रस्तुति | ● विद्यार्थीहरुको पोर्टफोलियो अध्ययन | | |
| २ | समभाव र सहयोगी धारणा विकास गर्न | ● एक आपसमा समभाव र सहयोगी धारणाको विकासमा अभ्यास गर्न | ● समभाव र सहयोगी भावनाको सन्देश दिने सरल संवाद/लेख, कथा,नाटक | ● संवादको नमुना प्रस्तुति<br>● छलफल/ अभिनय<br>● प्रश्नोत्तर, छलफल<br>● समूह कार्य,सोधखोज<br>● स्वतन्त्र लेखन तथा प्रस्तुति | ● क्रियाकलापमा सहभागिताको अवस्था,प्रश्नोत्तरमा सक्रियता र प्रतिक्रियाको स्तर(मौखिक तथा लिखित)<br>● विद्यार्थीहरुको पोर्टफोलियो अध्ययन | ८ | १६ |
| ३ | नैतिकमूल्य र मान्यता, समाजिक नियमको पालना गर्न | ● नैतिकमूल्य र मान्यतामा परिचित हुन<br>● सामाजिक नियमको पालना गर्न | ● नैतिकमूल्य र मान्यतामा आधारित अनुशासन र मर्यादाको सन्देश दिने सरल संवाद<br>● लेख, कविता कथा,नाटक ....का नमुना | ● संवादको नमुना प्रस्तुति<br>● छलफल,हाउभाउ/ अभिनय<br>● प्रश्नोत्तर<br>● स्वतन्त्र लेख लेखन<br>● चित्रमा रङ्ग भर्ने क्रियाकलाप | ● क्रियाकलापमा सहभागिताको अवस्था<br>● प्रश्नोत्तरमा सक्रियता र प्रतिक्रियाको स्तर( मौखिक तथा लिखित)<br>● विद्यार्थीहरुको पोर्टफोलियो अध्ययन | ८ | १६ |
| ४ | समभाव र सहयोगी धारणा विकास गर्न स्वःअनुशासन र असल नागरिकको भूमिका प्रस्तुत गर्न | ● समभाव र सहयोगी धारणा विकास गर्न<br>● असल नागरिकको भूमिका प्रस्तुत गर्न | ● समभाव र सहयोगी भावनाको सन्देश र असल नागरिकको भूमिका सम्बन्धी सन्देश दिने सरल संवाद/लेख, कविता कथा,नाटकका नमुना तथा बुँदाहरु | ● संवादको नमुना प्रस्तुति<br>● छलफलहाउभाउ/अभिनय<br>● प्रश्नोत्तर<br>● चार्ट<br>● भिडियो | ● क्रियाकलापमा सहभागिताको अवस्था<br>● प्रश्नोत्तरमा सक्रियता र प्रतिक्रियाको स्तर( मौखिक तथा लिखित)<br>● विद्यार्थीहरुको पोर्टफोलियो अध्ययन | ४ | १० |
| ५ | व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको भूमिका र महत्वमा प्रकाश पार्न | ● व्यक्तिगत, पारिवारिक र सामुदायिक विकासमा अनुशासनको भूमिका र महत्वमा प्रकाश पार्न<br>● व्यावहारिक जीवनमा अनुशासनको अनुसरण गर्न | ● अनुशासन र मर्यादाको महत्वसम्बन्धी सन्देश दिने सरल संवाद /लेख, कविता कथा,नाटक ....का नमुना,योग आसन,प्राणायाम तथा ध्यानको फाइदा उल्लिखित बुँदाहरु | ● संवादको नमुना प्रस्तुति<br>● छलफलहाउभाउ/अभिनय<br>● प्रश्नोत्तर | ● क्रियाकलापमा सहभागिताको अवस्था<br>● प्रश्नोत्तरमा सक्रियता र प्रतिक्रियाको स्तर( मौखिक तथा लिखित)<br>● विद्यार्थीहरुको पोर्टफोलियो अध्ययन | ४ | १० |

## ७. स्वस्थ जीवन र सरसफाइसम्बन्धी ज्ञान र व्यावहारिक प्रयोग

| कक्षा | विशिष्ट उदेश्य/सिकाइउपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | आफू बस्ने कोठा तथा आफ्नो वरिपरि सफा राख्ने तरिका बताउन | ● सरसफाइको महत्वबताउन<br>● आफू बस्ने कोठा तथाआफ्नो वरिपरि सरसफाइ राख्न | ● सफा र फोहोरको अवस्था देखिने घर आँगन,कोठा जस्ता स्थानको तस्बिर,फोहोरका स्रोतहरुको सूची | ● चित्रछलफल<br>● जोडा मिलाउने क्रियाकलाप<br>● समूहकार्य<br>● मनपर्ने/नपर्ने खेल,प्रदर्शन<br>● प्रश्नोत्तर | ● सरसफाइअवलोकन, प्रश्नहरुको उत्तर वा विद्यार्थीहरुले दिएको मौखिक तथा लिखित प्रतिक्रिया<br>● सामूहिक तथा व्यक्तिगत कार्य अभ्यासमा सक्रिय सहभागिताको अवस्था जस्ता पक्षहरुको उपायोग | ७ | १२ |
| २ | फोहोरका स्रोतहरुको पहिचान गर्न | ● सफा र फोहोरबीच भिन्नता छुट्याउन<br>● फोहोरका स्रोतहरुको पहिचान गर्न | ● सफा र फोहोरका अवस्था देखिने घर आँगन, कोठा जस्ता स्थानको तस्बिर,फोहोरका स्रोतहरुको सूची | ● चित्र छलफल, जोडा मिलाउने क्रियाकलाप, समूहकार्य<br>● मनपर्ने/नपर्ने खेल,प्रदर्शन<br>● प्रश्नोत्तर | ● सरसफाइ अवलोकन, प्रश्नहरुको उत्तर वा विद्यार्थीहरुले दिएको मौखिक तथा लिखित प्रतिक्रिया | ७ | १२ |
| ३ | स्वस्थकर वस्तुको पहिचान तथा उपभोग गर्ने उपायहरु बताउन | ● स्वस्थकर वस्तु र अस्वस्थकर वस्तु छुट्याउन<br>● स्वस्थकार वस्तुको छनोट गरी उपभोग गर्ने उपायहरु बताउन | ● स्वस्थकर र अस्वस्थकर वस्तुको सूची<br>● वास्तविक वस्तु<br>● चित्रपत्ती,शब्दपत्ती<br>● श्रव्यदृश्य सामग्री<br>● निर्देशन चार्ट | ● चित्र छलफल<br>● जोडा मिलाउने क्रियाकलाप<br>● समूहकार्य<br>● मनपर्ने/नपर्ने खेल<br>● प्रदर्शन, प्रश्नोत्तर | ● अवलोकन, प्रश्नहरुको उत्तर वा विद्यार्थीहरुले दिएको मौखिक तथा लिखित प्रतिक्रिया<br>● सामूहिक तथा व्यक्तिगत कार्य अभ्यासमा सक्रियता | ७ | १२ |
| ४ | फोहोरको वर्गीकरण गर्न, प्रदूषणको परिचय,प्रकार एवम् स्रोतहरु लेख्न | ● कुहिने र नकुहिने फोहर छुट्याउन<br>● प्रदूषणको परिचय र प्रकार एवम् स्रोतहरु लेख्न | ● फोहोर र तिनीहरुको वर्गीकरण लेखिएको चित्रपत्ती,पाठपत्र प्रदूषणको अवस्था देखिने चित्र चार्ट, फरक सूची | ● चित्र छलफल, समूहकार्य<br>● मनपर्ने नपर्ने खेल<br>● प्रदर्शन, प्रश्नोत्तर<br>● चित्रनक्सा अध्ययन | ● प्रश्नोत्तरमा विद्यार्थीहरुले दिएको मौखिक तथा लिखित प्रतिक्रिया<br>● सामूहिक तथा व्यक्तिगत कार्य अभ्यासमा सक्रिय सहभागिताको अवस्थाको अवलोकन | ५ | ९ |
| ५ | पालिकाले सरसफाइ व्यवस्थापनमा गरेका कार्यहरु र फोहोरमैलाको | ● सरसफाइ व्यवस्थापनमा पालिकाले सञ्चालन गरेका कार्यको वर्णन गर्न | ● सरसफाइ व्यवस्थापनमा पालिकाले सञ्चालन गरेका कामको सूची, फोहोरमैलाको | ● चित्र छलफल,<br>● समूह कार्य<br>● मनपर्ने/नपर्ने खेल | ● सरसफाइव्यवस्थापनलाई कक्षाकोठा र विद्यालयमा प्रयोग गरे नगरेको अवलोकन,प्रश्नहरुको | ५ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पुन:प्रयोगबाट हुने फाइदाहरु बताउन | ● फोहोरमैलाको पुन:प्रयोगका केही उदाहरण दिन<br>● फोहोरमैलाको पुन:प्रयोगबाट हुने फाइदाहरु बताउन | पुन:प्रयोगका केही उदाहरण लेखिएको चार्ट/चित्र<br>● फोहोरमैलाको पुन:प्रयोगबाट हुने फाइदाहरु उल्लिखित पाठपत्र | ● प्रदर्शन, प्रश्नोत्तर<br>● नक्सा अध्ययन | उत्तर वाविद्यार्थीहरुले दिएको मौखिक तथा लिखित प्रतिक्रिया,<br>● सामूहिक तथा व्यक्तिगत कार्य अभ्यासमा सक्रिय सहभागिताको अवलोकन | | |

## ८. स्थानीय परम्परागत पेसा,व्यवसाय र प्रविधिको पहिचान,सम्मान, संरक्षण र संवर्द्धन

| कक्षा | विशिष्ट उदेश्य/सिकाइउपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरणप्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | आफ्नो समुदायमा अपनाइएका पेसाहरुको नामबताउन | ● आफ्नो घरका सदस्यहरुले गर्ने काम बताउन<br>● आफ्नो समुदायमा अपनाइएका पेसाहरुको नाम बताउन | ● विद्यार्थीहरुको परिवारका सदस्यहरुको नाम तथा काम उल्लेख भएकोनमुना शब्दपत्ती<br>● समुदायमा अपनाउने गरेका पेसाहरुको नाम उल्लिखित शब्दपत्ती<br>● फोटो/चित्रपत्ती | ● फोटो/चित्र छलफल<br>● जोडा मिलाउने खेल, समूहकार्य<br>● प्रदर्शन<br>● भूमिका अभिनय | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित प्रतिक्रिया,बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेखको अध्ययन | ७ | ७ |
| २ | स्थानीयस्तरमा उपलब्ध प्रविधिको नाम बताउन र तिनबाट उत्पादनहुने वस्तुहरुको सूचीबनाउन | ● स्थानीयस्तरमा उपलब्धप्रविधिहरुको नाम भन्न<br>● ती प्रविधिबाट उत्पादनहुने वस्तुहरुको सूची बनाउन | ● स्थानीय प्रविधिका नाम र तिनबाट उत्पादनहुने सामग्रीको नाम उल्लिखित शब्दपत्तीहरु<br>● चित्रपत्ती<br>● नमुना वास्तविक वस्तु | ● चित्र छलफल<br>● जोडा मिलाउने खेल<br>● समूहकार्य, प्रदर्शन | ● क्रियाकलापहरुमा देखाइएको तत्परता<br>● प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित ) प्रतिक्रिया<br>● बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेखको अध्ययन | ७ | ७ |
| ३ | स्थानीय व्यवसाय तथा प्रविधिको पहिचान गर्न | ● स्थानीय व्यवसाय तथा प्रविधिको पहिचान गर्न | ● स्थानीय व्यवसाय र प्रविधिको नाम र तिनबाट उत्पादन हुने सामग्रीको नाम उल्लिखित शब्दपत्ती, चित्रपत्ती | ● चित्र छलफल, जोडा मिलाउने खेल, समूहकार्य, प्रदर्शन | ● क्रियाकलापहरुमा देखाइएको तत्परता,<br>● प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित) प्रतिक्रिया | ७ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलि अभिलेखको अध्ययन | | |
| ४ | आफ्नो परिवेशमा सञ्चालनमा रहेको परम्परागत घरेलु उद्योगका प्रविधि र सीपहरुको वर्णन गर्न | • आफ्नो परिवेशमा सञ्चालनमा रहेका उद्योगको प्रवर्द्धनका उपायहरु बताउन<br>• आफ्नो परिवेशमा सञ्चालनमा रहेका उद्योगको प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका बताउन | • आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगको प्रवर्द्धनका उपायहरु तथा त्यस कार्यमा स्थानीय सरकारको भूमिकासम्बन्धी बुँदाहरु उल्लिखित पाठपत्र | • समूह छलफल, प्रश्नोत्तर<br>• समूह कार्य<br>• स्थलगत भ्रमण, प्रयोगात्मक का<br>• परियोजना कार्य, सोधखोज<br>• स्वतन्त्र लेखन | • क्रियाकलापहरुमा देखाइएको तत्परता<br>• प्रश्नोत्तरमा दिएको (मौखि तथा लिखित ) प्रतिक्रिया<br>• बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलि अभिलेखको अध्ययन | ५ | ५ |
| ५ | स्थानीय प्रविधिबाट उत्पादित वस्तुहरुको सूची तयार पार्न र स्थानीयस्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी सञ्चालनमा आएका उद्योगहरुको सम्मान, संरक्षण रसंवर्द्धनमा सहयोग गर्न | • स्थानीयस्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी सञ्चालनमा आएका उद्योगहरुको सूचीबनाउन<br>• स्थानीयस्तरमा सञ्चालनमा आएका उद्योगहरुको सम्मान, संरक्षण र संवर्द्धनमा सहयोग गर्न | • स्थानीय स्तरमा उपलब्ध सामग्री प्रयोग गरी सञ्चालन आएका उद्योगहरुको नाम उल्लिखित शब्दपत्ती,<br>• यिनबाट हुने फाइदाहरुको बुँदागत टिपोट | • समूह छलफल, प्रश्नोत्तर, समूह कार्य, स्थलगत भ्रमण<br>• प्रयोगात्मक कार्य<br>• परियोजना कार्य, सोधखोज, स्वतन्त्र लेखन | • क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित) प्रतिक्रिया,<br>• बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलि अभिलेखको अध्ययन | ५ | ५ |

## ९. आधुनिक सूचना प्रविधिसम्बन्धी ज्ञान र प्रयोग

| कक्षा | विशिष्ट उदेश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | सूचना प्रविधिका साधनहरुको नाम भन्न | • सूचना प्रविधिका साधनहरुको नाम भन्न, सूची बनाउन | • सूचना प्रविधिका साधनहरुको तस्बिर वा वास्तविक वस्तु<br>• शब्दपत्ती,चित्रपत्ती | • चित्रतथा सामग्रीप्रदर्शन तथा छलफल<br>• जोडा मिलाउने खेल<br>• समूहकार्य<br>• हाउभाउ,अभिनय | • क्रियाकलापमा सहभागिताको अवलोकन,समूहकार्यमा सक्रियताको स्तर मापन,कार्य अभिलेखको अध्ययन/अवलोकन<br>• प्रश्नोत्तरको मौखिक तथा लिखित प्रतिक्रिया | ८ | ५ |
| २ | स्थानीयस्तरमा प्रयोगमा आएका सूचना प्रविधिका | • स्थानीयस्तरमा प्रयोगमा आएका सूचना प्रविधिका साधनहरुको पहिचान गरी सूची तयार पार्न | • सूचना प्रविधिका साधनहरुको तस्बिर वा वास्तविक वस्तु<br>• शब्दपत्ती | • चित्रतथा सामग्री प्रदर्शन तथा छलफल | • क्रियाकलापमा सहभागिताको अवलोकन,समूहकार्यमा | ८ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साधनहरुको पहिचान गरी सूची तयार पार्न | | | ● जोडा मिलाउने खेल<br>● समूहकार्य, हाउभाउ,अभिनय | सक्रियताको स्तर मापन,कार्य अभिलेखको अध्ययन, अवलोकन, प्रश्नोत्तरको मौखिक तथा लिखित प्रतिक्रिया | | |
| ३ | सूचना प्रविधिको आवश्यकता बताउन | ● सूचना प्रविधिको आवश्यकता बताउन | ● सूचना प्रविधिका साधनहरुको तस्बिर वा वास्तविक वस्तु, शब्दपत्ती, सूचनाप्रविधिका विभिन्न साधनहरुको आवश्यकता र महत्व झल्काउने पाठपत्र | ● चित्र तथा सामग्री प्रदर्शन तथा छलफल,जोडा मिलाउने खेल, समूह कार्य, हाउभाउ<br>● अभिनय | ● क्रियाकलापमा सहभागिताको अवलोकन,समूहकार्यमा सक्रियताको स्तर मापन,कार्य अभिलेखको अध्ययन अवलोकन,<br>● प्रश्नोत्तरको मौखिक तथा लिखित प्रतिक्रिया | ८ | ५ |
| ४ | सूचनाप्रविधिको प्रयोगबाट हुने फाइदाहरुको वर्णन गर्न | ● सूचना प्रविधिको प्रयोगबाट हुने फाइदाहरुको वर्णन गर्न<br>● सूचना प्रविधिको सदुपयोगको तरिका बताउन | ● सूचना प्रविधिका साधनहरुको तस्बिर वा वास्तविक वस्तु तस्बिर, शब्दपत्ती, सूचना प्रविधिका विभिन्न साधनहरुको प्रयोगबाट उपलब्धहुने फाइदाहरुको सूची, सूचना प्रविधिको सही सदुपयोगका तरिकाहरु उल्लिखित बुँदाहरु | ● चित्रतथा सामग्रीप्रदर्शन तथा छलफल,<br>● जोडा मिलाउने खेल<br>● समूहकार्य<br>● हाउभाउ,अभिनय | ● क्रियाकलापमा सहभागिताको अवलोकन,समूहकार्यमा सक्रियताको स्तरमापन,कार्य अभिलेखको अध्ययन अवलोकन<br>● प्रश्नोत्तरको मौखिक तथा लिखित प्रतिक्रिया | ६ | १० |
| ५ | सूचना तथा सञ्चारका आधुनिक साधनको महत्व बताउन | ● सूचना तथा सञ्चारका आधुनिक प्रविधिको उपयोगबताउन<br>● सूचना तथा सञ्चारका आधुनिक प्रविधिको सही सदुपयोगका उपायहरु वर्णन गर्न | ● सूचना प्रविधिका साधनहरुको तस्बिर वा वास्तविक वस्तु,शब्दपत्ती, सूचना प्रविधिका विभिन्न साधनहरुकोप्रयोगबाट उपलब्धहुने फाइदाहरुको सूची, सदुपयोगका तरिकाहरु लेखिएका बुँदाहरु | ● चित्रतथा सामग्रीप्रदर्शन<br>● समूह छलफल<br>● जोडा मिलाउने खेल<br>● समूहकार्य<br>● हाउभाउ,अभिनय | ● क्रियाकलापमा सहभागिताको अवलोकन,समूहकार्यमा सक्रियताको स्तर मापन,कार्य अभिलेखको अध्ययन अवलोकन<br>● प्रश्नोत्तरको मौखिक तथा लिखित प्रतिक्रिया | ६ | १० |

## १०. पर्यटकीय स्थलको पहिचान, संरक्षण र संवर्द्धन

| कक्षा | विशिष्टउदेश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १ | आफू बसेको वडामा भएका पर्यटकीय स्थलहरुको | ● आफू बसेको वडामा भएका पर्यटकीय स्थलहरुको नाम भन्न | ● पर्यटकीय स्थलहरुको नाम<br>● चित्रका कार्डहरु, चित्रनक्सा | ● चित्र प्रदर्शन,चित्र छलफल,प्रश्नोत्तर,शब्दपत्ती | ● क्रियाकलापहरुमा देखाइएको तत्परता,<br>● प्रश्नोत्तरमा दिइएको | ८ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नाम भन्न | ● यस्ता पर्यटकीय स्थलहरुको नाम लेख्न<br>● पर्यटकीय स्थलहरुको परिचय दिन | ● पोष्टर<br>● सामाजिक नक्शा | ● पर्यटकीय स्थलका चित्रहरुबीचको सम्बन्ध अध्ययन तथा जोडा मिलाउने खेल<br>● चित्र लेखन<br>● सामाजिक नक्शाको प्रस्तुति | (मौखिक तथा लिखित ) प्रतिक्रिया<br>● बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | | |
| २ | छिमेकी वडाहरुमा रहेका पर्यटकीय स्थलहरुको वर्णन गर्न | ● छिमेकी वडाहरुमा रहेका पर्यटकीय स्थलहरुको बारे बताउन | ● पर्यटकीय स्थलहरुको नाम तथा चित्रका कार्डहरु, चित्र नक्सा<br>● पर्यटकीय स्थलहरुमा हुने गरेका गतिविधि तथा वातावरणको चित्र तथा विवरणको सूची | ● चित्र प्रदर्शन,चित्र छलफल,प्रश्नोत्तर, जोडा मिलाउने खेल, चित्र लेखन<br>● नक्सा अध्ययन,अभिनय<br>● मन पर्ने/नपर्ने खेल | ● क्रियाकलापहरुमा देखाइएको तत्परता,<br>● प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित ) प्रतिक्रिया,बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | ८ | ७ |
| ३ | पर्यटन क्षेत्रको विकासबाट हुने फाइदा भन्न र लेख्न | पर्यटन क्षेत्रको विकासबाट हुने फाइदा भन्न र लेख्न | ● चित्रका कार्डहरु<br>● चित्रनक्सा, पर्यटकीय स्थलहरुमा हुने गरेका गतिविधिको चित्र तथा विवरणको सूची | ● चित्र प्रदर्शन,चित्र छलफल,प्रश्नोत्तर, जोडा मिलाउने खेल, चित्र लेखन<br>● नक्सा अध्ययन | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित) प्रतिक्रिया<br>● (Portfolio)को अध्ययन | ८ | ७ |
| ४ | पालिकाभित्रका मुख्य पर्यटकीय स्थलहरुको पहिचान गर्न र पर्यटकहरुसँग शिष्टाचार संवाद गर्न | ● पालिकाभित्रका पर्यटकीय स्थलहरुको पहिचान गर्न<br>● पर्यटकहरुसँग शिष्टाचार संवाद गर्न | ● पर्यटकीय स्थलहरुको नाम तथा चित्रका कार्डहरु<br>● चित्र नक्सा<br>● पर्यटकहरुसँग शिष्टाचार संवादमा आधारित लघुनाटक वा संवादको स्क्रिप्ट | ● चित्र प्रदर्शन,चित्र छलफल,प्रश्नोत्तर, जोडा मिलाउने खेल, चित्र लेखन, नक्सा अध्ययन, अभिनय<br>● मन पर्ने/नपर्ने खेल | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित) प्रतिक्रिया,बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | ६ | ६ |
| ५ | पालिकाभित्रका पर्यटकीय स्थलहरुको प्रचारप्रसार र प्रवर्द्धन गर्ने कार्यमा सहभागी हुन | ● पालिका भित्रका पर्यटकीय स्थलको प्रचारप्रसार र प्रवर्द्धन गर्ने कार्यमा सहभागी हुन | ● पर्यटकीय स्थलहरुको आकर्षण बढाउने तथा यसको महत्व उजागर गरी प्रचारप्रसारका उपायहरुसम्बन्धी बुँदाहरु,<br>● लघुनाटक वा संवादको स्क्रिप्ट, पोष्टर, पर्चा | ● चित्र प्रदर्शन,चित्र छलफल,प्रश्नोत्तर, जोडा मिलाउने खेल<br>● चित्र लेखन, नक्सा अध्ययन, भूमिका अभिनय, स्वतन्त्र लेखन,स्थलगत भ्रमण, परियोजना कार्य तथा प्रतिवेदन प्रस्तुति | ● क्रियाकलापहरुमा देखाइएको तत्परता, प्रश्नोत्तरमा दिइएको ( मौखिक तथा लिखित) प्रतिक्रिया,बालबालिकाले सम्पादन गरेका कार्यहरुको सङ्कलित अभिलेख (Portfolio)को अध्ययन | ६ | ६ |

# ६. स्थानीय पाठ्यक्रमको पाठ्यभार र अङ्क विभाजन तालिका

विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा स्थानीय पाठ्यक्रम (कक्षा १–५) ले जम्मा पूर्णाङ्क १०० मध्ये ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक हुने व्यवस्था रहेको छ । विषय क्षेत्रको प्रकृति तथा सिकाइउपलब्धिका आधारमा सैद्धान्तिक र प्रयोगात्मक कार्यघण्टा तयार गरिएको छ । प्रयोगात्मक कार्यघण्टाका लागि तोकिएको अवधिलाई विद्यार्थीहरूले गरेर सिक्ने तथा व्यवहारमा परिवर्तन ल्याउन अभ्यास गराउन उपयोगी बनाउनु पर्नेछ । यसरी तोकिएका प्रयोगात्मक कार्यघण्टालाई तोकिएका क्षेत्रका प्रयोगात्मक पक्षहरूको पहिचान गरी उपयोग गर्ने र (सम्भावना भएका अवस्थामा) सूचना प्रविधिको उच्चतम् उपयोगमा विद्यार्थीहरूलाई अभ्यस्त गराउने गरी सम्वन्धित क्षेत्रको अध्ययनबाट विद्यार्थीहरूले गर्ने सिकाइको तथ्याङ्क, प्रतिक्रिया, प्रतिवेदन र प्रस्तुतिसम्बन्धी क्रियाकलापहरूलाई प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## विषयक्षेत्र अनुसार अनुमानित घण्टा र सैद्धान्तिकतर्फको अङ्कभार

| विषयवस्तुकोक्षेत्र क्रम/अङ्कभार (सैद्धान्तिक) | कक्षा | | | | |
|---|---|---|---|---|---|
| | १ (सै.+प्र./अ.भा. | २ (सै.+प्र./अ.भा.) | ३ (सै.+प्र./अ.भा.) | ४ (सै.+प्र./अ.भा.) | ५ (सै.+प्र./अ.भा.) |
| १. विगु गाउँपालिकाको परिचय | ८+६/५ | ८+६/५ | ८+६/५ | ७+४/४ | ७+४/४ |
| २. धर्म,संस्कृति | ८+८/५ | ८+८/५ | ८+८/५ | ७+८/५ | ७+८/५ |
| ३. कृषि तथा पशुपालन | ८+६/५ | ८+६/५ | ८+६/५ | ६+६/५ | ६+६/५ |
| ४.प्राकृतिक सम्पदा तथा वातावरण | ८+७/५ | ८+७/५ | ८+७/५ | ६+६/५ | ६+६/५ |
| ५.विपद् व्यवस्थापन | ८+८/५ | ८+८/५ | ८+८/५ | ६+६/५ | ६+६/५ |
| ६.नैतिकमूल्य,मान्यता तथा सदाचार | ८+१६/५ | ८+१६/५ | ८+१६/५ | ४+१०/६ | ४+१०/६ |
| ७. स्वस्थ जीवन र सरसफाइसम्बन्धी ज्ञान र व्यावहारिक प्रयोग, | ७+१२/५ | ७+१२/५ | ७+१२/५ | ५+९/५ | ५+९/५ |
| ८. परम्परागत पेसा,व्यवसाय र प्रविधि | ७+७/५ | ७+७/५ | ७+७/५ | ५+५/४ | ५+५/४ |
| ९. आधुनिक सूचना र प्रविधि | ८+५/५ | ८+५/५ | ८+५/५ | ६+१०/६ | ६+१०/६ |
| १०.पर्यटन | ८ +७/५ | ८ +७/५ | ८ +७/५ | ६ +६/५ | ६ +६/५ |
| जम्मा | **७८+८२/५०** | **७८+८२/५०** | **७८+८२/५०** | **५८+७०/५०** | **५८+७०/५०** |

नोट : १.राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ मा कक्षा १–३ मा जम्मा कार्यघण्टा १६० र कक्षा ४–५ मा जम्माकार्यघण्टा १२८ को व्यवस्था गरिएको छ ।

२.(सै.+प्र.)=सैद्धान्तिक + प्रयोगात्मक ), अ.भा. = जम्मा अङ्कभार

### क) सैद्धान्तिक पक्ष

यस परीक्षा ५० पूर्णाङ्कको हुनेछ । पाठ्यक्षेत्र तथा विषयवस्तुको प्रकृति एवम् पाठ्यघण्टा समेतको आधारमा ज्ञान र बोध तहको ४५ प्रतिशत, सिप/प्रयोग तहको ३५ प्रतिशत र उच्चदक्षता तहको २० प्रतिशत औसतमा पर्ने गरी प्रश्न निर्माणगर्नुपर्नेछ ।

**(ख) प्रयोगात्मक पक्ष**

प्रयोगात्मक पक्षका लागि देहायका आधार तथा अङ्कभार बमोजिम मूल्याङ्कन गरिनुपर्नेछः

| क्र.सं. | विषय क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | सोधखोज गरी प्रतिवेदनतयारी तथा प्रविधि उपयोग सहितको प्रस्तुति | १२ |
| २ | प्रयोगात्मक कार्यको अभिलेख | ८ |
| ३ | स्थानीय ऐतिहासिक, भौगोलिक,वातावरणीय लगायतका क्षेत्रको वस्तु सङ्कलन, अभिलेखीकरण | ४ |
| ४ | लघु परियोजनाकार्य (योजनाको खाका निर्माण ) | ४ |
| ५ | मौखिक परीक्षा | ४ |
| ६ | चेतनामूलक कार्य सञ्चालन | ४ |
| ७ | शिष्टाचार,अनुशासन,योग, सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा देखिएको सक्रिय सहभागिता र सोको अभिलेख | १० |
| ८ | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | ४ |
| | **जम्मा** | **५०** |

## ७. सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय पाठ्यक्रममा शिक्षणसिकाइ प्रक्रिया र विद्यार्थीहरूको मूल्याङ्कनका लागि पाठ्यक्रमले निर्धारण गरेका तथा मान्यताप्राप्त आधारहरूलाई अवलम्बन गरिनेछ । सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिमका मार्गदर्शनहरुको अवलम्बन गरी सञ्चालन गर्नुपर्ने छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्दछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल,गीत,कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ । यसकाअतिरिक्त अवलोकन, समूहकार्य, परियोजनाकार्य, छलफल जस्ता विधिहरूको माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधिअपनाई निरन्तरसिकाइमा जोड दिनु पर्नेछ ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ । विद्यार्थीको सहभागितामा योजनानिर्माण, परियोजनाकार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलकअध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नु पर्नेछ ।
- सिकाइप्रक्रिया सैद्धान्तिक पक्षमाभन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने खालका क्रियाकलापमा आधारित हुनुपर्नेछ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्द्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नु पर्नेछ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन,स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्नेछ ।

- सबै प्रकारका सिकाइआवश्यकता र चाहनाभएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनु पर्नेछ ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारुबीचको अन्तरक्रिया, समूहसिकाइ, सिकाइमूल्याङ्कन, शिक्षक-शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्नेछ ।
- सिकाइ र दैनिकजीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिपविकास, व्यवहारकुशलसिप र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँग तालमेल मिलाएर सिकाइ क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ ।
- बाल तथा सिकारुकेन्द्रित, अनुभवकेन्द्रित, उदेश्यमूलक र विविधतामाआधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजनाकार्य, घटना अध्ययन, खोज अनुसन्धानमाआधारित शिक्षण, सहपाठी सिकाइआदि) गरी सक्रियसिकाइ सहजीकरण विधिप्रयोग गर्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइकोगति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलापहरु चयन र कार्यान्वयन गर्दै स्वःस्फूर्त सिकाइमा जोड दिनुपर्ने छ ।

## ८. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यानदिनुपर्ने कुराहरुः

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यानदिनुपर्ने केही महत्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१.**सक्षमता तथा सिकाइउपलब्धिहरू** : पाठ्यक्रममा निर्धारितसक्षमता तथा सिकाइ उपलब्धिहरु प्राप्त गर्न सक्ने गरी शिक्षण विधिहरुको छनोट गर्नु पर्दछ ।

२. **विषयवस्तुको स्वरूप** : विषयवस्तुको स्वरूपअनुसार शिक्षणसिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. **बाल मनोविज्ञान** : सिकारुको इच्छा तथा रुचि, क्षमतातथा योग्यता, पूर्वज्ञान आदिलाई ध्यानदिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ताविधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नु पर्दछ ।

४. **स्रोत साधनहरूको उपलब्धता** : शिक्षण विधितथा रणनीति आर्थिक, मानवीय, भौतिकआदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतमप्रयोग हुन सक्ने हुनुपर्दछ ।

५. **विद्यालय वातावरण र शिक्षणसिकाइ परिस्थिति** : शिक्षण विधितथा रणनीति छनोट गर्दा विद्यालयवातावरण र शिक्षणसिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. **समय र विद्यार्थी सङ्ख्या** : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधितथा रणनीति छनोटमा प्रभावपार्ने हुँदा समयको रणनीतिक व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

शिक्षणसिकाइक्रियाकलाप विशेषगरी देहायका विविधतायुक्त विधि तथा रणनीतिहरूको उपयोग गरी सञ्चालन गर्नु पर्दछ ।

१.. **कथाकथन एवम् गीत :** यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. **आगमन विधिः** यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषणबाट प्राप्त निस्कर्षको प्रयोग गरिन्छ ।

३. **भूमिकानिर्वाह/अभिनयः**यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथाभूमिका निर्धारण, भूमिकाबहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. **निर्माणात्मक कक्षा :** यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य ( जस्तै : वैयक्तिकचिन्तन, समूहकार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवाप्रदान र विचार आदानप्रदान गरी निष्कर्ष निकालिन्छ ।

५.**सहयोगात्मककक्षाः**यसमा सामान्यतया समूहविभाजन, समस्या र विषयवस्तुको प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. **परियोजनाकार्य :**विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजनाकार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्थासिर्जना गर्न सकिन्छ ।

७. **प्रश्नोत्तर र छलफल :** यसमा शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी बीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वानभन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न प्रेरित गर्दै उनीहरुको सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नु पर्दछ । त्यसैगरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिनलगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया उपयोग गर्न सकिन्छ ।

८. **अन्वेषण, अनुसन्धान तथा खोज :** यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोजी गरी निस्कषर्को प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. **प्रविधियुक्तकक्षा :** मोबाइल, कम्प्युटर, प्रोजेक्टर,रेडियो आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०.**सिर्जनात्मक कार्य :** यसमा चित्र निर्माण, रङ्ग भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११. **समस्या समाधान विधि :** यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. **खेल विधि :** यसमा विषयवस्तुलाई खेलको माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. **प्रयोगात्मक विधि :** यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यको माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. **भ्रमण :**विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५. **प्रदर्शन विधि :** विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्रीप्रदर्शन गरिन्छ ।

१६. **स्वाध्ययन तथा छलफल :** विभिन्नकिसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबीच छलफल गराउन सकिन्छ।

१७. **अन्तरक्रिया :** यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८.**विद्यार्थीहरूमा व्यवहारकुशल सिपहरूको प्रयोग :**जस्तै सहयोगी सिपहरू, वैयक्तिक सिपहरू, समालोचनात्मक तथा सिर्जनात्मक सोचाइ सिपहरू, नवप्रवर्तन र व्यावसायिक सिपहरूको विकासलाई प्राथमिकतामा राखी विभिन्न क्रियाकलापहरू निर्माण गरिनुपर्दछ ।

## ९. विद्यार्थी मूल्याङ्कनका तौरतरिका

विद्यार्थी मूल्याङ्कन आधारभूत तह, कक्षा १-५ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले मात्र बालबालिकालाई सिकाइका लागि प्रोत्साहित गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आमरुपमा स्वीकार गरिएको अवस्था छ । अत : विद्यार्थीका सिकाइको क्रममा देखिएका समस्याहरुलाई बेलैमा निदान गरी तत्कालै उपचारात्मक शिक्षण तथा पृष्ठपोषण प्रदान गरी सिकाइलाई सुधार गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा हाल हाम्रो देशको आधारभूततहको पाठ्यक्रमले तय गरेको निरन्तर विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्ने हुँदा सोही दृष्टिकोण समेतलाई मध्यनजर गर्दै कक्षाकोठामा आधारित मूल्याङ्कन प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ ।

आधारभूततहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उदेश्य सिकाइ सुधार गर्ने निर्माणात्मक ढाँचाको हुने भएपनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ । आधारभूत तह, कक्षा ४-५ को पाठ्यक्रमअनुसार विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू भने पाठ्यक्रममा तोकिएअनुरुप गर्नुपर्ने छ । सिकाइउपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ । यसैका आधारमा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक प्रक्रिया तथा साधनको विकास गरी अभिलेखीकरण गर्नुपर्ने हुन्छ ।

यसले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ ।

कक्षा १-५ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (portfolio) व्यवस्थित गरी राखिनुपर्दछ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजनाकार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नु पर्नेछ । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task)समावेश गर्नु उपयुक्त हुनेछ । कक्षा १-५ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुनेछ :

१.मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्ने छ ।

२. सिकाइउपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्ने छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्दछ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतःविद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइउपलब्धि हासिल गरे वा नगरेको परीक्षण  गर्नु पर्नेछ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जना लगायतका उच्चक्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नु पर्नेछ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नु पर्नेछ ।

७. मूल्याङ्कन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्ने छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम् सिकाइउपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नु पर्नेछ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइउपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्ने छ । विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, आउँदो सिकाइ योजना निर्माण गर्न र सिकाइउपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नु पर्नेछ ।

१०.विद्यार्थीलाई स्वःमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकतातथाउपायहरुपहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्ने छ ।

शिक्षणसिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नानुसार छन् :

१.**कक्षा सहभागिता :** नियमित रूपमा कक्षामा नआउँदा शिक्षणसिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनु पर्नेछ । विद्यार्थीको कक्षाकार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिने छ ।

२. **लिखित तथा मौखिक कार्य :** अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफल लगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाको बारेमा जानकारी लिन सकिन्छ । सबै कक्षामा छोटा-छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा हासिल गरिने सिकाइउपलब्धिलाई विचार गरेर लिखितवा मौखिक प्रतिक्रिया प्राप्त हुने गरी परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिइएका कार्य नियमित रूपमा सक्रियता पूर्वक गरे नगरेको, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी

विद्यार्थीको मूल्याङ्कन गर्नु पर्नेछ । विद्यार्थीले सहीरूपमा कक्षाकार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनिदिन सकिन्छ रगराइएका गृहकार्यहरुको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ ।

३. **परियोजना तथा प्रयोगात्मक कार्य :** विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दो परियोजनाकार्य गर्न दिइनु पर्दछ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वानगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

४. **अवलोकन :** सिकेका कुरा व्यवहारमा प्रयोग गरे वानगरेको, कार्यसम्पादन गर्न सके वानसकेको अवलोकन गरी पृष्ठपोषण दिनु पर्दछ ।

५. **विद्यार्थीका कार्यको प्रदर्शन :** विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य (कविता, निबन्ध, कथा लेखन, चित्र बनाउने आदि)को प्रदर्शन पनि गराउन सकिन्छ ।

६. **घटनावृत्त अभिलेख :** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

७. **छोटा परीक्षा :** कुनै विषयवस्तुको सिकाइ पश्चात् विषयवस्तुको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्दछ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुऱ्याउनुका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

८. **स्वः तथा सहपाठी मूल्याङ्कन :** विद्यार्थीले आफूले के-कति सिक्न सके भनेर सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादन लगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वःपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन (reflection) गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसैगरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

९. **अभिभावकको प्रतिक्रिया :** विद्यार्थीको कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइकाबारेमा अभिभावकको रायतथा प्रतिक्रियाबाट पनिविद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबीच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकलाई पनि यसबाट शिक्षणसिकाइप्रक्रियामा सुधारका लागि आधारप्राप्तहुन सक्दछ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मककार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फारामतयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजुसूचीतयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका(Portfolio)तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमिकमजोरी रहेका छन् र ती कमिकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

## १०. विद्यार्थी मूल्याङ्कनको आवश्यक व्यवस्था

विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा स्थानीय पाठ्यक्रम, कक्षा १-५ ले जम्मा पूर्णाङ्क १०० मध्ये ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक हुने व्यवस्था गरिएको छ । विषयक्षेत्रको प्रकृति तथा सिकाइउपलब्धिका आधारमा सैद्धान्तिक र प्रयोगात्मक कार्यघण्टाको व्यवस्था गरिएको छ । प्रयोगात्मक कार्यघण्टाका लागि तोकिएको अवधिलाई विद्यार्थीहरूको गरेर सिक्ने र व्यवहारमा परिवर्तन ल्याउन अभ्यास गराउने कार्यमा उपयोग गर्नु पर्नेछ । यसरी तोकिएका प्रयोगात्मक कार्यघण्टालाई तोकिएका क्षेत्रका प्रयोगात्मक पक्षहरूको पहिचान गरी उपयोग गर्ने ( सम्भावना भएका अवस्थामा) सूचना प्रविधिको उच्चतम् उपयोगमा विद्यार्थीहरूलाई अभ्यस्त गराउने गरी सम्बन्धित क्षेत्रको अध्ययनबाट विद्यार्थीहरूले गर्ने सिकाइसम्बन्धी तथ्याङ्क, प्रतिक्रियाहरू, प्रतिवेदनहरू र प्रस्तुतिसम्बन्धी क्रियाकलापहरूलाई प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

### सन्दर्भ सामग्रीहरू


कानुनी किताब व्यवस्था समिति(२०७२), नेपालको संविधान,बबरमल, काठमाण्डौः नेपाल सरकार

कानुनी किताबव्यवस्थासमिति(२०७४), स्थानीय सरकार सञ्चालन ऐन,बबरमहल, काठमाण्डौ

पाविके (२०६२), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १-३ ), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०६३), राष्टिय पाठ्यक्रम प्रारुप, २०६३, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र

पाविके (२०६५), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५, (कक्षा ४-५), सानोठिमी,भक्तपुरः पाठ्यक्रम विकास केन्द

पाविके (२०७६), स्थानीय पाठ्यक्रमनिर्माण र कार्यान्वयन मार्गदर्शन, २०७६, सानोठिमी भक्तपुर

अनुसूची–१

# स्थानीय पाठ्यक्रमको ढाँचा

१. स्थानीय पाठ्यक्रमको  शीर्षकः हाम्रो विगु

२. पाठ्यक्रमको  प्रकृतिः सैद्धान्तिक र प्रयोगात्मक

३. तहः आधारभूत तह (कक्षा १–५)

४. पूर्णाङ्कः १००

५. साप्ताहिक कार्यघण्टा :   क)  कक्षा १-३,   ५ कार्यघण्टा

ख)  कक्षा ४-५,   ४ कार्यघण्टा

६.जम्मा कार्यघण्टी :   क)  कक्षा  १-३ मा वार्षिक १६० घण्टा

ख)  कक्षा ४-५ मा वार्षिक १२८ घण्टा

अनुसूची –२

## प्रयोगात्मक मूल्याङ्कन फाराम

**विषयको नाम :** ................................ **कक्षाः**............ **सेक्सन**...........

| क्र.सं. | विद्यार्थीको नाम | मूल्याङ्कनका क्षेत्र | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिवेदन तथा प्रविधि सहितको प्रस्तुति | प्रयोगात्मक कार्यको अभिलेख | स्थानीय ऐतिहासिक, भौगोलिक, वातावरणीय लगायतका क्षेत्रका वस्तु सङ्कलन, अभिलेखीकरण | लघु परियोजना कार्य ( योजनाको खाका निर्माण) | मौखिक परीक्षा | चेतनामूलक कार्य सञ्चालन | शिष्टाचार,अनुशासन,योग, सरसफाइ व्यवस्थापन, अभिनय लगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सोको अभिलेख | सहपाठी तथा सिकाइ समूहबाट मूल्याङ्कन | |
| | | **१२** | **८** | **४** | **४** | **४** | **४** | **१०** | **४** | **५०** |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |

**शिक्षकको नाम :**
**दस्तखत :**
**मिति :**

**प्र.अ.को नाम :**
**दस्तखत :**
**मिति :**